मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

जिल्ला प्रशासन कार्यालयमा सिडिओको छडके
पृष्ठ ३ मा



वर्ष ४ • अंक २४१ • २०८३ साल श्रावण २२ गते शुक्रबार • Friday 07, August 2026 • सूर्योदयः बिहान ०५:२२ बजे • सूर्यास्तः साँझ ०७:०१ बजे • पृष्ठ ४ • मूल्य रु. ५/-



**श्रृङ्गार व्यवसायी ग्राहकको पर्खाइमा:** धनुषाको धनुषाधाम मन्दिर नजिकको सडक किनारमा चुरा, पोते तथा विभिन्न सामग्री राखेर ग्राहकको पर्खाइमा बसेका श्रृङ्गारका व्यवसायी। रासस

## ग्यास आपूर्ति सहजता बनाउन
# पर्सामा चेतावनी, बारामा छड्के अनुगमन



**मधेशदृष्टि**
**वीरगंज।**
जिल्ला प्रशासन कार्यालय पर्साले एलपी ग्यासको आपूर्ति, बिक्री तथा वितरणलाई सहज, नियमित र पारदर्शी बनाउन अत्यन्त जरुरी सूचना जारी गरेको छ।
पर्साका सहायक प्रमुख जिल्ला अधिकारी कृष्ण थापाद्वारा जारी सूचना अनुसार बजारमा कृत्रिम अभाव सिर्जना गर्ने, कालोबजारी गर्ने वा तोकिएको मूल्यभन्दा बढीमा ग्यास बिक्री–वितरण गरिएको भन्ने गुनासोप्रति प्रशासनको गम्भीर ध्यानाकर्षण भएको जनाइएको छ। प्रशासनले सम्बन्धित सबै ग्यास व्यवसायीलाई अनिवार्य रूपमा बिल वा रसिदसहित तोकिएको मूल्यमा मात्रै ग्यास बिक्री–वितरण गर्ने निर्देशन दिएको छ।
कृत्रिम अभाव सिर्जना गर्ने, मूल्यवृद्धि गर्ने, कालोबजारी गर्ने वा उपभोक्ता हितविपरीतका गतिविधि गरेको पाइएमा कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ र उपभोक्ता संरक्षण ऐन, २०७५ अनुसार कडा कारबाही गरिने चेतावनी दिइएको छ। यसैगरि जिल्ला प्रशासन कार्यालय बाराले कलैयास्थित ग्यास पसलहरूमा छड्के अनुगमन गरेको छ। नायब सुब्बा रत्नबहादुर स्याङतानको नेतृत्वमा खटिएको अनुगमन टोलीले कलैयाका न्यु शिवशक्ति स्टोर्स, सोना ग्यास स्टोर्स र अस्मिता स्टोर्समा स्थलगत निरीक्षण गरेको थियो। अनुगमनका क्रममा न्यु शिवशक्ति स्टोर्सले ग्यास सिलिन्डर पल्टी गरेर खुद्रा बिक्री गरिरहेको भेटिएको प्रशासनले जनाएको छ। त्यसैगरी, सोना ग्यास स्टोर्सले बिक्रीका लागि राख्नुपर्ने ग्यास सिलिन्डर पसलमा नराखी निजी घरमा भण्डारण गरेको पाइएपछि प्रशासनले सिलिन्डर पसलमै राखी पारदर्शी रूपमा बिक्री–वितरण गर्न निर्देशनसहित चेतावनी दिएको छ।
यसअघि प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्रले ग्यासको सहज आपूर्ति र न्यायोचित वितरण सुनिश्चित गर्न उत्पादक, वितरक तथा डिलरहरूका लागि ९ बुँदे निर्देशन जारी गरेका थिए। ग्याससम्बन्धी कुनै समस्या वा गुनासो भए सहायक प्रमुख जिल्ला अधिकारीको मोबाइल नम्बर ९८ ५५० ४५ ४०३ मा सम्पर्क गर्न वा ९८ ५५ ००७ ७७८ नम्बरको ह्वाट्सएपमा सन्देश पठाउन प्रशासनले अनुरोध गरेको छ।

# करेन्ट लागेर वृद्धको मृत्यु

**मधेशदृष्टि**
**कलैया।**
बाराको आदर्श कोतवाल गाउँपालिका–७, कोतवाली बेल्वाका एक वृद्धको करेन्ट लागेर मृत्यु भएको छ। बिहीबार बिहान करिब १०:४० बजे स्थानीय ६० वर्षीय गणेश महतो कोईरीले बिजुलीको पोलमा बत्ती बाल्न हुक लगाउने क्रममा करेन्ट लाग्दा गम्भीर घाइते भएका थिए।
हुकको एउटा तार विद्युत् लाइनमा अल्झिएर अर्को तार उनको शरीरमा खसेपछि उनलाई करेन्ट लागेको प्रहरीले जनाएको छ। घटनापछि परिवारका सदस्य र स्थानीयको सहयोगमा उनलाई उपचारका लागि प्रादेशिक अस्पताल कलैया लगिएको थियो। अस्पतालमा चिकित्सकले मृत घोषणा गरेका थिए।
घटनाको जानकारी प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय महेन्द्र जयनगरबाट प्रहरी सहायक निरीक्षक पुजई महराको नेतृत्वमा प्रहरी टोली घटनास्थलमा खटिएको थियो।

# मल वितरणमा सुधार ल्याइयो, किसानका चुनौती ज्युँका त्युँ !

मधेशदृष्टि
जनकपुरधाम।
विगतका वर्षहरूमा धान रोप्ने सिजन सुरु हुनासाथ मधेशका किसानको सबैभन्दा ठूलो चिन्ता रासायनिक मल हुन्थ्यो। घण्टौँ लाइनमा बस्दा पनि मल नपाइने, पहुँच र चिनजान बिना मल लिन कठिन हुने तथा सीमावर्ती किसानले भारतबाट मल ल्याउनुपर्ने बाध्यता सामान्यजस्तै बनेको थियो। तर यस वर्ष केही स्थानीय तहमा त्यो अवस्था परिवर्तन हुन थालेको देखिएको छ। धनुषाको नगराइन नगरपालिका–स्थित किसान शंकर साह यस परिवर्तनका साक्षी हुन्। उनी यस वर्ष गाउँमै आवश्यक परिमाणमा मल सहज रूपमा पाएपछि खेतीप्रति आशावादी देखिएका छन्। पहिलेजस्तो लाइन बस्न वा भनसुन गर्न नपरेको उनको अनुभव छ।
यद्यपि, यस्तो सुधार मधेशका सबै स्थानीय तहमा समान रूपमा देखिएको छैन। जहाँ स्थानीय तहले वितरण प्रणालीलाई व्यवस्थित बनाएका छन्, त्यहाँ किसानले सहज रूपमा मल पाएका छन्। तर अनुगमन कमजोर भएका क्षेत्रमा अझै पनि ढिलाइ, पक्षपात र सीमित वितरणको गुनासो कायमै छ। यस वर्ष जनकपुरधाम उपमहानगरपालिकाले कृषि शाखामार्फत वडा तहसँग समन्वय गरेर मल वितरणको व्यवस्था मिलाएको छ। उपलब्ध मल सम्बन्धित वडाका किसानलाई कोटाअनुसार वितरण गरिएको र कुनै समस्या देखिए वडा तहबाटै समाधान गर्ने प्रयास गरिएको उपमहानगरपालिकाले जनाएको छ। स्थानीय तहहरूले वितरण प्रक्रियामा निगरानी बढाएपछि विगतमा जस्तो दिनभर लाइन बस्नुपर्ने अवस्था धेरै ठाउँमा हटेको देखिएको छ। अनुदानको मल कालोबजारी हुन नदिन नियमित अनुगमनसमेत गरिएको छ।
जनकपुरधाम–१२ का किसान किशोरी मण्डलका अनुसार यस वर्ष बजारमा मल पाउन विगतको तुलनामा निकै सहज भएको छ। उनका अनुसार खेतमा आवश्यक मल समयमै प्रयोग गर्न पाएकाले उत्पादनप्रति आशा बढेको छ। मल वितरण व्यवस्थापन निर्देशिका–२०७७ अनुसार प्रदेश सरकारले खेतीयोग्य क्षेत्र र बालीको आवश्यकताका आधारमा प्रत्येक स्थानीय तहका लागि वार्षिक कोटा निर्धारण गर्छ। त्यसपछि पालिका प्रमुख वा उपप्रमुखको संयोजकत्वमा रहेको मल वितरण व्यवस्थापन समितिले वडा तहमा कोटा बाँडफाँड गर्छ। स्थानीय तहले सूचीकृत सहकारी संस्था वा डिपोलाई मल बिक्रीको जिम्मा दिने व्यवस्था छ। सहकारीहरूले कृषि सामग्री कम्पनी लिमिटेड वा साल्ट ट्रेडिङ कर्पोरेसनबाट मल खरिद गरी किसानलाई बिक्री गर्छन।
कतिपय पालिकाले थप अनुदान दिएर किसानलाई सहुलियत मूल्यमा मल उपलब्ध गराएका छन् भने केही स्थानमा ढुवानी खर्चसमेत किसानले बेहोर्नुपर्ने अवस्था छ। भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले जेठमै मधेशका १३६ स्थानीय तहका लागि युरिया र डीएपी मलको कोटा निर्धारण गरी पठाएको थियो। प्रदेशका आठवटै जिल्लामा आवश्यकताअनुसार हजारौँ मेट्रिक टन युरिया र डीएपी वितरण गरिएको मन्त्रालयले जनाएको छ। त्यसपछि असार र साउनमा थप डीएपी पनि स्थानीय तहमा पठाइएको थियो। मन्त्री श्याम पटेलका अनुसार अहिले पनि दैनिक किसानका गुनासा आउने गरे पनि विगतका वर्षजस्तो व्यापक समस्या नरहेको दाबी गर्छन्। उनका अनुसार जहाँ स्थानीय तहले वितरणमा कडाइ गरेका छन्, त्यहाँ किसानको असन्तुष्टि कम देखिएको छ।
मधेश प्रदेशमा वार्षिक करिब डेढ लाखदेखि दुई लाख मेट्रिक टनसम्म रासायनिक मल आवश्यक पर्ने अनुमान छ। तर सरकारले त्यसको करिब ७० प्रतिशत मात्र उपलब्ध गराउने गरेको कृषि मन्त्रालयको तथ्यांक छ। यसका कारण स्थानीय तहले वितरण प्रणाली सुधार गरे पनि मागअनुसार सबै किसानलाई पर्याप्त मल उपलब्ध गराउन सकिएको छैन। बाँकी आवश्यकता किसानले निजी बजार वा अन्य वैकल्पिक स्रोतबाट पूरा गर्नुपर्ने अवस्था अझै कायम छ। कृषि सामग्री कम्पनी लिमिटेडको जनकपुर कार्यालयले आर्थिक वर्ष २०८२÷८३ मा १८ हजार ७४५ मेट्रिक टनभन्दा बढी मल वितरण गरेको जनाएको छ। यसमा युरिया, डीएपी, पोटास र कृषि चुनसमेत समावेश छन्।
कार्यालयका अनुसार धान रोपाइँको मुख्य समयमा मौज्दात व्यवस्थापन र नियमित आपूर्तिलाई प्राथमिकता दिएकाले वितरण प्रक्रिया विगतको तुलनामा सहज भएको हो। थप माग पूरा गर्न सम्बन्धित निकायसँग समन्वय भइरहेको पनि कार्यालयले जनाएको छ। मल वितरणमा सुधारसँगै मधेश प्रदेशमा धान रोपाइँ पनि अन्तिम चरणमा पुगेको छ। कृषि विकास निर्देशनालयका अनुसार प्रदेशमा हालसम्म करिब ९१.५५ प्रतिशत क्षेत्रमा धान रोपाइँ सम्पन्न भएको छ। सिरहामा शतप्रतिशत रोपाइँ सकिएको छ भने अन्य जिल्लामा पनि अधिकांश क्षेत्रमा रोपाइँ सम्पन्न भइसकेको छ। तर कृषि क्षेत्रमा अर्को चुनौती भने सिँचाइको घट्दो पहुँच बनेको छ। नेपाल राष्ट्र बैंकको अध्ययनअनुसार मधेश प्रदेशको कुल सिञ्चित क्षेत्रफल गत वर्षको तुलनामा घटेको छ। कुलो, नहर र बोरिङबाट हुने सिँचाइ तीनै क्षेत्रमा कमी आएको तथ्यांकले देखाएको छ।
यस वर्ष केही स्थानीय तहमा प्रभावकारी वितरण प्रणालीका कारण किसानले विगतको तुलनामा सहज रूपमा मल पाएका छन्। वडा तहको समन्वय, नियमित अनुगमन र निष्पक्ष वितरणले लाइन, भनसुन र कालोबजारीका समस्या केही हदसम्म घटाएका छन। तर सरकारी आपूर्ति अझै मागभन्दा कम भएकाले मल अभाव पूर्ण रूपमा अन्त्य भएको छैन। कृषि विज्ञहरूका अनुसार वितरण प्रणाली सुधारसँगै पर्याप्त आपूर्ति, प्रभावकारी सिँचाइ व्यवस्था र कृषि पूर्वाधारमा लगानी बढाउन सके मात्रै मधेशका किसानले दीर्घकालीन रूपमा राहत पाउनेछन्।

# मल कालोबजारी गर्ने पक्राउ

सर्लाही प्रहरीले सरकारी अनुदानमा उपलब्ध हुने रासायनिक मल कालोबजारी गरी महँगो मूल्यमा बिक्री गरेको आरोपमा तीन जनालाई पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय सर्लाहीका अनुसार मलङ्गवा नगरपालिका–१० स्थित कृष्ण जनरल स्टोरबाट अनाधिकृत रूपमा डिएपी मल बिक्री भइरहेको सूचनाका आधारमा गरिएको कारबाहीमा मलङ्गवा–७ निवासी २३ वर्षीय अभिनय राय र २० वर्षीय अभिनन्दन राय पक्राउ परेका हुन्। प्रहरीको प्रारम्भिक अनुसन्धानमा उनीहरूले सरकारी अनुदानको डिएपी मल प्रतिवोरा तीन हजार पाँच सय रुपैयाँसम्ममा बिक्री गर्दै आएको स्वीकार गरेका छन्। पसलमा गरिएको खानतलासीका क्रममा चार बोरा डिएपी मल र एक बोरा युरिया मल बरामद गरिएको प्रहरीले जनाएको छ। सोधपुछका क्रममा पक्राउ परेका दुवैले उक्त मल मलङ्गवा नगरपालिका–४ शिवसागर चोकस्थित २८ वर्षीय राहुल गुप्ताले सञ्चालन गरेको पसलबाट प्रतिवोरा तीन हजार दुई सय रुपैयाँमा खरिद गरी नाफा राखेर बिक्री गर्ने गरेको बयान दिएका थिए। उक्त बयानका आधारमा प्रहरीले राहुल गुप्तालाई पनि नियन्त्रणमा लिएको छ। उनको पसलमा गरिएको खानतलासीबाट थप सात बोरा युरिया मल बरामद भएको प्रहरीले जनाएको छ।



जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता एवं डीएसपी वेदप्रसाद गौतमका अनुसार पक्राउ परेका तीनै जनाविरुद्ध कालोबजारी सम्बन्धी कसूर अन्तर्गत जिल्ला प्रशासन कार्यालय सर्लाहीबाट सात दिनको म्याद थप अनुमति लिएर थप अनुसन्धान भइरहेको छ। प्रहरीले सरकारी अनुदानमा उपलब्ध हुने कृषि सामग्रीको दुरुपयोग तथा कालोबजारी रोक्न निगरानीलाई थप कडाइ गरिने जनाएको छ।

# ढाट शुल्क बढाएपछि चक्का जाम

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजको नयाँ बसपार्कमा महानगरपालिकाले ढाट शुल्क ३०० प्रतिशतले बढाइएपछि सोको विरोध गर्दै ईभी चालकहरुले सडकमा इभी गाडी तेर्साएर चक्का जाम गरेका छन्। पहिला ५४ रुपैँया ढाट लाग्ने गरेकोमा अहिले आफूहरुसँग कुनै छलफल नै नगरी अचानक शुल्कवृद्धि गरी १५० रुपैँया पु¥याइएको चालकहरुले बताएका छन्।
यस विषयमा विरगंज महानगरपालिकासँग छलफल भएको र महानगरले पनि लागु भइसकेको शुल्क घटाउन नसकिने बताएपछि चक्काजाम गर्नुपरेको चालकहरुको भनाई छ। बसपार्कमा खानेपानी तथा शौचालय जस्ता सुविधाहरु व्यवस्थित नरहेको उनीहरुले गुनासो गरेका छन्।
अरु सहरका बसपार्कमा ढाट शुल्क कम लाग्ने र सेवा, सुबिधा पनि वीरगंजको बसपार्कको तुलनामा राम्रो रहेको चालकहरुले बताएका छन्। तर यहाँ सेवा सुबिधा कम र शुल्क भने बढी लगाइएको प्रति चालकहरुको आपत्ती रहेको छ। इभी चालकहरुले ढाट शुल्क ७० देखि ८० रुपैयाँ कायम गर्नुपर्ने माग गरेका छन्।

# करोडौं खर्चिएर बनाइएका तटबन्ध असुरक्षित,
## महोत्तरीका स्थानीय तथा किसान त्रासमा



**मधेशदृष्टि**
**जनकपुरधाम।**
महोत्तरीमा हरेक वर्ष बाढीको जोखिम कम गर्ने उद्देश्यले नदी तथा खहरेमा करोडौं रुपैयाँ खर्च गरेर तटबन्ध निर्माण र मर्मत गरिए पनि मनसुन सुरु भएसँगै स्थानीयको चिन्ता भने उस्तै दोहोरिने गरेको छ। चुरे क्षेत्रबाट बगेर आउने ढुंगा, गिटी र बालुवाले नदीको सतह वर्षेनी उकासिँदै जाँदा तटबन्ध कमजोर बन्दै गएका छन्। यसको प्रत्यक्ष असर बस्ती र खेतीयोग्य जमिनमा परेको स्थानीयको भनाइ छ। महोत्तरीका रातु, जंगहा, विगहीलगायत नदी आसपासका दर्जनौं बस्तीका बासिन्दाका लागि मनसुन वर्षा आशिर्वादभन्दा बढी चिन्ताको विषय बन्ने गरेको छ। वर्षा बढेसँगै नदीको बहाव तीव्र हुने, तटबन्धमाथि दबाब बढ्ने र बाढीको जोखिम बढ्ने भएकाले स्थानीय त्रसित छन्। विगतका बाढीले घर, खेत र सडक बगाएको अनुभव अझै ताजा रहेकाले सामान्य वर्षाले पनि ठूलो विपत्ति निम्त्याउने हो कि भन्ने डर उनीहरूमा छ।
पछिल्ला वर्षहरूमा बाढीले कतिपय स्थानमा तटबन्ध भत्काएको थियो भने कतै नदीले धार नै परिवर्तन गरेको थियो। हरेक वर्ष तटबन्ध निर्माण र मर्मत हुने गरे पनि केही समयमै फेरि क्षतिग्रस्त हुने गरेको स्थानीय बताउँछन्। निर्माणको गुणस्तर, नदीको प्रकृतिअनुसारको योजना अभाव तथा समयमै संरक्षण हुन नसक्दा सरकारी लगानीको अपेक्षित प्रतिफल नआएको उनीहरूको गुनासो छ। अस्थायी मर्मतमा बजेट खर्च गर्नुभन्दा नदी नियन्त्रणको दीर्घकालीन योजना कार्यान्वयन गर्नुपर्ने उनीहरूको माग छ। स्थानीयका अनुसार चुरे क्षेत्रबाट बगेर आउने ढुंगा, गिटी र बालुवाले नदीको सतह क्रमशः अग्लिँदै गएको छ। नदीको सतह उकासिँदा पानीको बहाव बस्ती र खेततर्फ मोडिने जोखिम बढेको छ। यही कारण तटबन्ध निर्माण गरिए पनि त्यसको प्रभावकारिता वर्षेनी घट्दै गएको उनीहरूको अनुभव छ। महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवका अनुसार ठेक्का प्रक्रिया टुंगिन ढिलाइ हुँदा तटबन्ध मर्मतको काम प्रभावित हुने गरेको छ। नदी नियन्त्रण आयोजना कार्यालय र सिँचाइ विभागलाई आवश्यक मर्मतका लागि पत्राचार गरिसकिएको र भत्किएका तटबन्ध यस वर्ष बाढी पस्न नदिने गरी मर्मत गरिने उनले बताए। यता, सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना कार्यालय जनकपुरधामले सम्भावित बाढी जोखिमलाई मध्यनजर गर्दै आवश्यक तयारी भइरहेको जनाएको छ। कार्यालय प्रमुख रविन्द्रकुमार शर्माका अनुसार महोत्तरीका रतवारा, धबौली, एकडारालगायत क्षेत्रमा तटबन्ध मर्मत सम्पन्न भइसकेको छ भने अन्य स्थानमा निर्माणका लागि ठेक्का प्रक्रिया अघि बढाइएको छ। बजेट सीमित भएकाले सबै योजना एकैपटक कार्यान्वयन गर्न नसकिएको उनले बताए। यतिबेला किसानहरू धान रोपाइँमा व्यस्त छन्। तर खेतमा रोपिएको धानभन्दा बढी उनीहरूलाई बाढीको चिन्ताले सताइरहेको छ। केही दिनको अविरल वर्षाले वर्षभरिको मेहनत बगाइदिने अवस्था अन्त्य गर्न सरकारले अस्थायी समाधानभन्दा दीर्घकालीन, वैज्ञानिक र प्रभावकारी नदी व्यवस्थापनमा ध्यान दिनुपर्ने माग महोत्तरीका स्थानीय र किसानको छ।

सम्पादकीय

# राष्ट्रिय परिचयपत्रको सर्भर कि राज्यको असफलता ?

नेपालमा अहिले डिजिटल शासन, सुशासन र सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउने ठूलो भाषण भइरहेका छन् । तर नागरिकले सरकारी कार्यालयको ढोकामा भोगिरहेको वास्तविकता भने यसको ठीक उल्टो छ । राष्ट्रिय परिचयपत्र प्रणालीमा देखिएको प्राविधिक समस्याले हजारौं नागरिकको राहदानी रोकिएको छ, विदेश जाने सपना अन्योलमा परेको छ, लाखौं रुपैयाँ खर्चिएर काठमाडौं धाउन बाध्य भएका सेवाग्राही मानसिक र आर्थिक पीडामा छन् । अझ विडम्बना त के छ भने समस्या समाधान गर्ने जिम्मेवार निकायहरू एकअर्कालाई दोष देखाउँदै पन्छिने खेलमा व्यस्त छन् । राहदानी बनाउन सरकारले 'द्रुत सेवा' भन्दै १२ हजार रुपैयाँ असुल्छ । कानुनअनुसार २४ देखि ४८ घण्टाभित्र राहदानी उपलब्ध गराउनुपर्ने व्यवस्था छ । तर एक सातादेखि दुई सातासम्म पनि राहदानी नपाउने अवस्था छ भने त्यो सेवा होइन, राज्यद्वारा गरिएको खुला अन्याय हो । सेवा दिन नसक्ने अवस्थामा पनि शुल्क असुल्नु नागरिकमाथिको आर्थिक शोषणबाहेक केही होइन ।

समस्या राहदानी विभागको होइन, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको 'एनआईडीएमआईएस' प्रणालीको हो । तर यसको असर राहदानीदेखि शिक्षा, श्रम, यातायात, स्वास्थ्य, राजस्व, अध्यागमन, सामाजिक सुरक्षा लगायत कम्तीमा १३ वटा सरकारी निकायमा परेको छ । यसको अर्थ एउटै प्राविधिक कमजोरीले राज्यको सम्पूर्ण सेवा प्रणालीलाई नै पक्षाघात बनाइदिएको छ । यति गम्भीर अवस्था हुँदा पनि सम्बन्धित मन्त्रालय र विभागसँग नागरिकलाई दिने स्पष्ट जवाफ छैन । सबैभन्दा चिन्ताजनक पक्ष भनेको यो समस्या नयाँ होइन । पटक–पटक सर्भर बिग्रिने, सेवा अवरुद्ध हुने, माफी माग्ने र फेरि उही समस्या दोहोरिने क्रम वर्षौंदेखि चलिरहेको छ । स्वयं सूचना प्रविधि निर्देशकले सन् २०१८ देखि सञ्चालनमा रहेको प्रणालीको क्षमता समयमै विस्तार नगरिएको स्वीकार गरेका छन् । यदि समस्या पहिल्यै थाहा थियो भने सरकारले समयमै आवश्यक बजेट, पूर्वाधार र प्रविधि किन व्यवस्थापन गरेन ? यसको जवाफ कसले दिने ?


डिजिटल नेपाल निर्माणको नारा केवल भाषणमा सीमित राखेर हुँदैन । डिजिटल प्रणाली भनेको नागरिकलाई सुविधा दिने माध्यम हो, सास्ती दिने उपकरण होइन । प्रविधिमा आधारित सेवा सञ्चालन गर्ने हो भने त्यसको क्षमता, सुरक्षा, ब्याकअप र निरन्तर सञ्चालनको जिम्मेवारी पनि राज्यकै हो । एउटा सर्भर बिग्रिँदा देशभरको सेवा ठप्प हुने अवस्था कुनै आधुनिक प्रशासनको संकेत होइन, चरम व्यवस्थापकीय असफलताको प्रमाण हो । यसबीच सबैभन्दा ठूलो मूल्य सर्वसाधारणले चुकाइरहेका छन् । विदेशमा रोजगारी गुम्ने जोखिम, होटलमा बस्दा थपिएको खर्च, मानसिक तनाव, समयको बर्बादी र सरकारी कार्यालयको अपमानजनक व्यवहार—यी सबैको क्षतिपूर्ति कसले दिने ? राज्यले नागरिकबाट कर लिन्छ, शुल्क लिन्छ, तर सेवा दिन असफल हुँदा कुनै जिम्मेवारी लिँदैन । यही प्रवृत्तिले राज्यप्रतिको जनविश्वास निरन्तर कमजोर बनाइरहेको छ ।

अब सरकारसँग बहानाको समय समाप्त भइसकेको छ । तत्काल सर्भर समस्या समाधान गर्नु, प्रणालीको क्षमता विस्तार गर्नु, वैकल्पिक व्यवस्था लागू गर्नु र सेवा दिन नसकेको अवधिको जिम्मेवारी स्वीकार गर्नु अनिवार्य छ । अन्यथा 'डिजिटल नेपाल' को नारा नागरिकका लागि उपहास मात्र बन्नेछ । प्रविधिको असफलताभन्दा ठूलो समस्या राज्यको गैरजिम्मेवारी हो, र त्यसको मूल्य अब नागरिकले होइन, सरकारले चुकाउन सिक्नुपर्छ ।

# उपभोक्ता संरक्षण ऐन र चिकित्सा क्षेत्रमा देखिएको चुनौती



डा. विश्वराज दवाडी



**काठमाडौँ ।**
नेपालको संविधानको धारा ३५ ले प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँच र आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने अधिकारलाई मौलिक हकका रूपमा ग्यारेन्टी गरेको छ । संविधानले स्वास्थ्यलाई राज्यको एक अभिन्न दायित्व र अत्यावश्यक मानवीय सेवाका रूपमा स्वीकार गरेको छ तर पछिल्लो समय उपभोक्ता संरक्षण ऐन, २०७५ अन्तर्गत स्वास्थ्य सेवा र चिकित्सकहरूलाई पनि व्यापारिक वस्तु वा सामान बिक्री गर्ने विक्रेता सरह राखी उपभोक्ता अदालतको दायरामा ल्याइएको छ । यसले गर्दा नेपालको सम्पूर्ण स्वास्थ्य प्रणालीमा गम्भीर र नकारात्मक असरहरू देखिन थालेका छन् ।

**उपभोक्ता अदालतको बढ्दो हस्तक्षेप**
हालै उपभोक्ता अदालतले एभरेस्ट अस्पताल र एक स्त्री तथा प्रसूति रोग विशेषज्ञलाई रु ३९ लाख क्षतिपूर्ति तिराउने फैसला गरेको छ । फैसलामा अस्पताललाई ३० लाख र डाक्टरलाई रु नौ लाख जरिवाना तोकिएको छ । प्रसूतिको क्रममा 'प्रि–एक्लेम्पसिया' (उच्च रक्तचाप) को जटिलतामा औषधि व्यवस्थापन तथा मेडिकल प्रोटोकल पालना नभएको ठहर गर्दै अदालतले उक्त आदेश दिएको हो । यसअघि पनि उपभोक्ता अदालतले हिमाल हस्पिटल र चिकित्सकलाई रु एक करोड ४५ लाख र ओम हस्पिटललाई रु ५६ लाखभन्दा बढी क्षतिपूर्ति तिराउने फैसला गरिसकेको छ । एक ९८ वर्षीय बिरामीको प्राथमिक उपचार र डिस्चार्जका क्रममा लापर्वाही भएको भन्दै अदालतले ओम हस्पिटललाई ८० प्रतिशत (रु ५० लाख ७० हजार) र उपचारमा संलग्न दुई डाक्टरलाई १०÷१० प्रतिशत (प्रतिडाक्टर रु तीन लाख पाँच हजारका दरले) क्षतिपूर्ति तिराउने निर्णय ग¥यो ।
कुनै पनि बिरामीको ज्यान जानु अत्यन्तै दुःखद् विषय हो र पीडितले न्याय पाउनैपर्छ तर मेडिकल विज्ञानको जटिलता, आकस्मिक अवस्था र बिरामीको शारीरिक प्रतिक्रियालाई गैर–मेडिकल प्रशासनिक न्यायाधीशहरूले व्यापारिक ऐनको कसीबाट मूल्याङ्कन गर्दा समग्र चिकित्सा क्षेत्रमा त्रासको वातावरण सिर्जना भएको छ ।

**स्वास्थ्य सेवा व्यापार होइन**
व्यापारिक क्षेत्रमा 'ग्राहक' र 'विक्रेता' बीचको सम्बन्ध नाफा–घाटा र वस्तुको खरीद–बिक्रीमा आधारित हुन्छ । यदि तपाईंले बजारबाट कुनै सामान वा टिभी किन्नुभयो र त्यो बिग्रियो भने त्यसलाई फेर्न वा क्षतिपूर्ति माग्न सकिन्छ, किनकि त्यो निर्जीव वस्तु हो । तर चिकित्सक र बिरामीको सम्बन्ध नाफाको व्यापार होइन । यो आस्था, मानवीय संवेदनशीलता र नैतिक उत्तरदायित्वमा टिकेको हुन्छ । कुनै पनि चिकित्सकले बिरामीलाई जानीजानी हानि पु¥याउने नियत राख्दैन । मानव शरीर कुनै कलकारखानामा बनेको मेसिन होइन, जहाँ एउटै नियम वा औषधि सबैलाई समान रूपमा लागू होस् । प्रत्येक व्यक्तिको शारीरिक बनावट, रोग प्रतिरोधात्मक क्षमता र तत्कालीन अवस्था फरक–फरक हुन्छ । त्यसैले स्वास्थ्योपचारलाई अन्य व्यापारिक सेवासँग तुलना गरेर 'उपभोक्ता ऐन' को घेरामा राख्नु कानुनी र व्यावहारिक दुवै दृष्टिले गलत छ ।


**उपभोक्ता ऐनको त्रास**
जब स्वास्थ्य सेवालाई उपभोक्ता ऐनमा राखियो र डाक्टरहरू माथि करोडौँ रुपैयाँ क्षतिपूर्तिको मुद्दा पर्न थाल्यो, त्यसको प्रत्यक्ष दुष्परिणाम बिरामीहरूले नै भोग्नुपरिरहेको छ । डाक्टरहरूमा कानुनी झमेला र करोडौँ क्षतिपूर्तिको त्रास सिर्जना भएकाले नेपालमा 'डिफेन्सिभ मेडिसिन' को विभिन्न खालका विकृतिहरु भित्रिएका छन् । जटिल वा गम्भीर अवस्थाका बिरामी अस्पताल आउँदा कानूनी झमेला र उपभोक्ता अदालतको डरले डाक्टरहरूले जोखिम मोलेर उपचार गर्नुको सट्टा अन्यत्र रिफर' गर्ने वा हात हाल्न नमान्ने प्रवृत्ति बढेको छ । यसले गर्दा आपत्कालीन अवस्थाका धेरै बिरामीहरूले समयमा उपचार नपाई अकालमै ज्यान गुमाउनुपर्ने अवस्था सिर्जना भएको छ ।
त्यति मात्र होइन, अनावश्यक परीक्षण र महँगो उपचारको अवस्था पनि सिर्जना भएको छ । कानुनी बचाउका लागि डाक्टरहरूले सानो शङ्का लाग्दा पनि बिरामीलाई धेरै किसिमका महँगा सिटी स्क्यान, एमआरआई र अनावश्यक प्रयोगशाला परीक्षणहरू गराउन बाध्य हुनु परेको छ । यसको प्रत्यक्ष आर्थिक भार अन्ततः गरिब तथा विपन्न बिरामीकै खल्तीमा परेको छ ।

**अन्तर्राष्ट्रिय अनुभवबाट सिक्नुपर्ने पाठ**
दक्षिण एसियाली तथा पश्चिमी देशहरूको अनुभवले पनि स्वास्थ्यलाई उपभोक्ता ऐनमा राख्दा उल्टै सर्वसाधारणलाई नोक्सान पुगेको देखाउँछ । भारतमा सन् १९९५ पछि स्वास्थ्य सेवालाई उपभोक्ता ऐनभित्र समावेश गरियो । त्यसपछि अदालतमा लाखौँ मुद्दाहरू थुप्रिए, डाक्टरहरूले बचाउत्मक उपचार गर्न थाले र भारतमा उपचार खर्च तीव्र रूपमा महँगियो । अमेरिका र पश्चिमी देशहरूमा पनि भएका अभ्यासहरुबाट पनि धेरै कुराहरु सिक्नुपर्ने हुन्छ । अमेरिकामा 'मेडिकल मालप्राक्टिस' सम्बन्धी कडा कानुन र अर्बौं डलर क्षतिपूर्ति तोक्ने प्रणाली छ । यसले गर्दा डाक्टरहरूले तिर्नुपर्ने बीमा को प्रिमियम अत्यधिक महँगो छ, जसले गर्दा अमेरिकामा उपचार विश्वकै सबैभन्दा महँगो बनेको छ । नेपालजस्तो विकासोन्मुख देशले यस्तो महँगो प्रणाली धान्न सक्दैन ।

**वास्तविक समाधान के हो त ?**
स्वास्थ्य सेवालाई उपभोक्ता ऐनबाट हटाउनुको अर्थ डाक्टरहरूलाई मनपरी गर्न दिनु वा उन्मुक्ति दिनु पटक्कै होइन । यदि कुनै डाक्टरले गम्भीर लापर्वाही गर्छ भने उसलाई कारबाही हुनैपर्छ र पीडित बिरामीले न्याय पाउनैपर्छ तर त्यसका लागि व्यापारिक अदालत होइन, विशेषज्ञ निकाय हुनुपर्छ । यसका लागि नेपाल मेडिकल काउन्सिलभित्र 'मेडिको–लिगल ट्रिब्युनल' गठन गर्न सकिन्छ । काउन्सिलभित्र पूर्व न्यायाधीशको अध्यक्षतामा विषयगत विशेषज्ञ डाक्टरहरू, उपभोक्ता अधिकारकर्मी र बायोएथिस्टहरू रहेको छुट्टै न्यायपीठ बनाइनुपर्छ । यसले उपचारमा 'प्रक्रियागत त्रुटि' वा 'बदनियत' थियो कि थिएन भन्ने वैज्ञानिक छानबिन गर्छ । त्यस्तै डाक्टर र अस्पतालहरूका लागि अनिवार्य पेसागत बिमाको व्यवस्था गरिनुपर्छ । यदि ट्रिब्युनलले उपचारमा त्रुटि भएको ठहर गरेमा क्षतिपूर्तिको रकम डाक्टरको व्यक्तिगत सम्पत्ति वा खल्तीबाट नभई बीमा कम्पनीको कोष बाट पीडित बिरामीलाई तत्काल उपलब्ध गराइन्छ । स्वास्थ्य सेवा कुनै व्यापारिक कारोबार होइन; यो नागरिकको जीवनसँग जोडिएको संवेदनशीलता हो । यदि हामीले स्वास्थ्य सेवालाई व्यापार र बिरामीलाई केवल 'ग्राहक' का रूपमा हेरिरह्यौँ भने डाक्टरहरू बचाउत्मक मोडमा जानेछन्, उपचार प्रक्रिया झन् महँगो र झन्झटिल हुनेछ, र जटिल बिरामीहरूले समयमा उपचार नपाई अकालमै ज्यान गुमाउनु पर्नेछ ।
त्यसैले आम नागरिकको हित, डाक्टरहरूको सुरक्षा र देशको स्वास्थ्य प्रणालीलाई जोगाउनका लागि उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा २ (ध) संशोधन गरी स्वास्थ्य सेवालाई यो ऐनबाट पूर्ण रूपमा अलग गरिनुपर्छ । स्वास्थ्य क्षेत्रलाई बचाउनु भनेको अन्ततः आम नागरिककै जीवन र स्वास्थ्यको रक्षा गर्नु हो । रासस (लेखक नेपाल मेडिकल एसोसिएसनका महासचिव छन्)

# सर्पदंशको उपचार ढिलाइ हुँदा ज्यान जोखिममा

प्रगति ढकाल



**काठमाडौँ ।**
मनसुन सुरु भएसँगै नेपालमा सर्पदंशका घटना बढ्दै गएका छन् । बाढी र वर्षाका कारण सर्पको प्राकृतिक बासस्थान डुबानमा पर्दा सर्प घरभित्र पस्नेक्रम बढेको छ । यसैबीच उपचारमा ढिलाइ, जनचेतनाको अभाव र स्वास्थ्य पूर्वाधारको कमजोरीका कारण सर्पदंशबाट हुने मृत्यु चिन्ताको विषयका रूपमा रहेको सरोकार भएकाहरूले बताएका छन् । स्वास्थ्य सेवा विभागअन्तर्गत इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (इडिसिडी), टेकुका महामारी व्यवस्थापन शाखा प्रमुख डा अमृत पोखरेलले सर्पदंशबाट सबैभन्दा बढी किसान, बालबालिका र महिला प्रभावित हुने गरेका बताए । उनका अनुसार खेतबारीमा काम गर्ने किसान वर्षायाममा बढी जोखिममा पर्ने गरेका छन् ।
'बालबालिका खेल्ने क्रममा तथा महिला घरआँगन र खेतबारीमा काम गर्दा सर्पदंशको सिकार हुने गरेका छन्', पोखरेलले भने, 'सर्पदंशबाट ज्यान जाने मात्र होइन, समयमै उपचार नपाउँदा कतिपय बिरामी जीवनभर अपाङ्गसमेत हुनुपर्ने अवस्था आउने गरेको छ ।' उनले मनसुन अघि र पछि पनि सर्पदंशबाट बच्ने उपायबारे जनचेतना अभियान सञ्चालन गर्न आवश्यक रहेकामा जोड दिए । 'बाढी आउँदा सर्प बस्ने दुलोमा पानी पस्छ, त्यसपछि सर्प सुरक्षित स्थान खोज्दै मानिसका घरभित्र आउने सम्भावना बढ्छ', डा पोखरेलले भने, 'जलवायु परिवर्तनका कारण वर्षाको स्वरूप बदलिँदै जाँदा भविष्यमा सर्पदंशका घटना अझ बढ्न सक्ने भएकाले समुदायस्तरमा सचेतना आवश्यक छ ।' उनका अनुसार नेपालमा धेरैजसो बिरामीले समयमा उपचार नपाएर ज्यान गुमाउने गरेका छन् ।
सर्पदंशबाट हुने करिब ८० प्रतिशत मृत्यु उपचार केन्द्र पुग्न ढिलाइ भएकै कारण हुने गरेको डा पोखरेलको भनाइ छ । विशेषगरी तराई तथा ग्रामीण क्षेत्रमा अझै पनि सर्पले टोकेपछि अस्पताल जानुभन्दा धामीझाँक्री, झारफुक वा घरेलु उपचारमा विश्वास गर्ने प्रवृत्ति कायमै रहेको भन्दै यो जटिल समस्याका रूपमा चित्रण गरे । 'टोकेको ठाउँमा कडा डोरी बाँध्ने, विष चुस्ने वा झारफुक गराउनेजस्ता अभ्यासले बिरामीको अवस्था झन् जटिल बनाएको छ', उनले भने । विशेषगरी करेत प्रजातिको सर्पले राति सुतिरहेका बेला टोकेमा धेरैजसो पीडा महसुस नहुने र टोकेको दागसमेत स्पष्ट नदेखिने भएकाले बिरामी वा परिवारले समयमै थाहा नपाउने समस्या रहेको डा पोखरेलले बताए । यही कारण बिहानसम्म बिरामीको शरीरमा विष फैलिक्ने भएकाले सर्पदंशको शङ्का लागेमा कुनै पनि घरेलु उपचार नगरी तुरुन्त स्वास्थ्य संस्थामा पु¥याउन उनले आग्रह गरे ।
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख डा धर्मराज उप्रेतीले सर्पदंशलाई विपद्को एउटा महत्वपूर्ण जोखिमका रूपमा लिएर मनसुनअघि पूर्वतयारी र जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनुपर्ने बताए । उनले सर्पको प्राकृतिक बासस्थान, जोखिम क्षेत्र र जलवायु परिवर्तनसँगको सम्बन्धबारे अध्ययन गरी त्यसका आधारमा दीर्घकालीन कार्ययोजना बनाएर अघि बढ्नुपर्ने आवश्यकता औँल्याए । प्राधिकरणका उपसचिव रामबहादुर केसीका अनुसार गत वैशाख १ देखि साउन १९ गतेसम्म देशका ६४ जिल्लामा सर्पदंशका ७५७ घटना भएका छन् । ती घटनामा ५७ जनाको मृत्यु भएको छ भने ७०९ जना घाइते भएका उनले जानकारी दिए । 'विसं २०७३ देखि २०८३ साल (१० वर्ष) को अवधिमा सर्पदंशको एक हजार ६७८ वटा घटना भएका छन्, जसमध्ये ३०१ जनाले ज्यान गुमाएका छन् । एक हजार ४०१ जना घाइते भएका छन् । यसबाट ६४ जिल्ला प्रभावित बनेका छन् । १७ दशमलव ९३ प्रतिशत मृत्युदर रहेको छ', उनले भने, 'सबैभन्दा बढी मधेस प्रदेश प्रभावित बनेका छन् ।'
गत वैशाखयता मधेस प्रदेशमा १२२ सर्पदंशको घटना हुँदा २१ जनाको मृत्यु भएको छ । लुम्बिनी प्रदेशमा १६, कोशीमा नौ, सुदूपश्चिममा सात, कर्णालीमा तीन, बागमती प्रदेशमा एक जानाको मृत्यु भएको केसीले जानकारी दिए । उनका अनुसार नेपालमा एन्टिस्नेक भेनमको पर्याप्त उपलब्धता नहुनु, औषधि आयातमा परनिर्भर रहनु तथा अधिकांश अस्पतालमा सघन उपचार कक्ष (आइसियु) र भेन्टिलेटर सुविधाको अभाव हुनु पनि उपचारमा चुनौती बनेको उनको भनाइ छ । वन फँडानी, अव्यवस्थित सहरीकरण र प्राकृतिक बासस्थानको विनाशका कारण सर्पको आहारा तथा आश्रय नष्ट हुँदै जाँदा सर्प मानव बस्तीमा पस्नेक्रम बढिरहेको प्राधिकरणका उपसचिव केसीले उल्लेख गरे । मुसा, भ्यागुताजस्ता आहारा घट्दै जाँदा सर्प सुरक्षित स्थान र आहाराको खोजीमा घरभित्र पस्ने सम्भावना बढ्ने गरेको विशेषज्ञ बताउँछन् । अध्ययनले जुन–जुलाई (असार–साउन) लाई सर्पदंशका दृष्टिले सबैभन्दा जोखिमपूर्ण अवधि औँल्याएको छ । यही अवधिमा देशभर सबैभन्दा धेरै सर्पदंशका घटना हुने गरेका छन् । तथ्याङ्कअनुसार मधेस प्रदेशमा सर्पदंशबाट हुने मृत्युदर १७ दशमलव दुई प्रतिशत रहेको छ, जुन धेरै घटना भएका अन्य प्रदेशको तुलनामा दुईदेखि चार गुणासम्म बढी हो ।
त्यसैगरी कञ्चनपुर, कैलाली र पाल्पा जिल्लामा एन्टिभेनम (सर्पदंशविरुद्धको विषनाशक औषधि) को पर्याप्त आपूर्तिमा विशेष ध्यान दिनुपर्ने आवश्यकता अध्ययनले औँल्याएको छ । अध्ययनअनुसार बालबालिकामा सर्पदंशबाट हुने मृत्युदर वयस्कको तुलनामा बढी रहेकाले उनीहरूको संरक्षण, समयमै उपचार र जनचेतनामा विशेष जोड दिनुपर्ने देखिएको छ । नेपालमा गोमन, राजगोमन, करेत, ठूलो कालो करेत, सानो कालो करेत, ब्यान्डेड करेत, रसेल्स भाइपर, मोनोकल्ड कोब्रालगायत विशालु प्रजातिका सर्प पाइन्छन् । सर्पदंशबाट बच्न रातिको समयमा टर्चको प्रयोग गर्ने, खेतबारी तथा झाडीमा काम गर्दा बुट र लामो कपडा लगाउने, घर वरिपरिका झाडी सफा राख्ने, मुसा नियन्त्रण गर्ने तथा भुइँमा सुत्नुभन्दा खाटमा सुत्ने बानी बसाल्न पनि राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रले सुझाव दिएको छ । स्वास्थ्य विज्ञहरूका अनुसार नेपालमा सर्पदंश अझै पनि ग्रामीण क्षेत्रमा एउटा प्रमुख जनस्वास्थ्य चुनौतीका रूपमा रहेको छ । उपचारमा ढिलाइ, अन्धविश्वास र स्वास्थ्य सेवामा ढिलो पहुँचका कारण धेरै बिरामीले ज्यान गुमाउने गरेका छन् । राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रले मनसुनको समयमा खेतबारी र ग्रामीण बस्तीमा सर्पसँगको मानवीय सम्पर्क बढ्ने भएकाले स्वास्थ्य मन्त्रालयले सचेत रहन, सही जानकारी फैलाउन र सर्पदंशलाई सामान्य रूपमा नलिन सबैमा आग्रह गरेको छ । रासस

## वार्षिकोत्सवको अवसरमा वृक्षारोपण र फलफूल वितरण



**मधेशदृष्टि**
**जनकपुरधाम।**
नेपाल प्रहरी श्रीमती संघ मधेश प्रदेशले आफ्नो ४२औँ वार्षिकोत्सव सामाजिक तथा मानवीय सेवामूलक कार्यक्रमका साथ मनाएको छ। वार्षिकोत्सवको अवसरमा संघले रक्तदान, वृक्षारोपण तथा अस्पतालमा उपचाररत बिरामीलाई फलफूल वितरण गरेको हो। नेपाल रेडक्रस सोसाइटीको सहकार्यमा बिहीबार जनकपुरधाममा आयोजित रक्तदान कार्यक्रममा प्रहरी कर्मचारी, उनीहरूका परिवार तथा सर्वसाधारणको उल्लेखनीय सहभागिता रहेको थियो । कार्यक्रममा ३२ जनाले रक्तदान गरेका छन् । संकलित रगतले आवश्यकतामा रहेका बिरामीको उपचारमा सहयोग पुग्ने विश्वास संघले व्यक्त गरेको छ।

वार्षिकोत्सवकै अवसरमा वातावरण संरक्षण र हरियाली प्रवद्र्धन गर्ने उद्देश्यले वृक्षारोपण कार्यक्रमसमेत सञ्चालन गरिएको थियो । साथै अस्पतालमा उपचाररत बिरामीलाई शीघ्र स्वास्थ्यलाभको कामना गर्दै फलफूल वितरण गरिएको संघले जनाएको छ । कार्यक्रमलाई सम्बोधन गर्दै मधेश प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायव महानिरीक्षक ओमप्रसाद अधिकारीले नेपाल प्रहरी श्रीमती संघले प्रहरी परिवारको मनोबल अभिवृद्धिसँगै सामाजिक उत्तरदायित्व निर्वाहमा महत्वपूर्ण भूमिका खेल्दै आएको बताए । चौबीसै घण्टा नागरिकको सुरक्षामा खटिने प्रहरी कर्मचारी र उनीहरूका परिवारलाई हौसला प्रदान गर्ने संघका गतिविधि प्रशंसनीय रहेको उनले उल्लेख गरे।

रक्तदानलाई जीवनदानको रूपमा व्याख्या गर्दै उनले संकलित रगतले भविष्यमा आवश्यकतामा परेका बिरामीको जीवन बचाउन महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरे । साथै वृक्षारोपणले वातावरण संरक्षण र भावी पुस्ताका लागि स्वच्छ तथा हरियालीयुक्त वातावरण निर्माणमा सहयोग पुग्ने धारणा राखे। नेपाल प्रहरी श्रीमती संघ मधेश प्रदेशकी अध्यक्ष मनिषा उप्रेतीले प्रहरी र समुदायबीचको सम्बन्धलाई अझ सुदृढ बनाउन संघले निरन्तर सामाजिक तथा सेवामूलक कार्यक्रम सञ्चालन गर्दै आएको बताइन्। वार्षिकोत्सवलाई औपचारिक कार्यक्रममा सीमित नराखी समाजलाई प्रत्यक्ष लाभ पुग्ने गतिविधि सञ्चालन गरिएको उनको भनाइ थियो। संघले आगामी दिनमा पनि रक्तदान, स्वास्थ्य सेवा, वातावरण संरक्षण तथा समुदायसँगको सहकार्यलाई निरन्तरता दिने प्रतिबद्धता जनाएको छ।

## धनुषामा प्रतिपरिवार एक सिलिन्डर बिक्री गरिने

**जनकपुरधाम ।**
धनुषा जिल्लामा खाना पकाउने एलपिजी ग्यासको सम्भावित अभावलाई नियन्त्रण गर्न जिल्ला प्रशासन कार्यालय धनुषाले प्रतिपरिवार एक सिलिन्डर मात्र बिक्री गर्ने निर्णय गरेको छ ।

जिल्ला प्रशासन कार्यालयमा बसेको सरोकारवाला निकाय, ग्यास उद्योग तथा बिक्रेताको संयुक्त बैठकले ग्यासको सहज आपूर्ति र समानुपातिक वितरण सुनिश्चित गर्न प्रतिपरिवार एक सिलिन्डर मात्र बिक्री गर्ने निर्णय गरेको हो । बैठकले जिल्लामा रहेका एलपिजी ग्यास उद्योगले दैनिक बिक्री हुने ग्यासको विवरण अभिलेख राखी समानुपातिक रूपमा वितरण गर्ने, धनुषालाई प्राथमिकतामा राखेर ग्यास आपूर्ति गर्ने निर्णय भएको प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले जानकारी दिए ।

त्यसैगरी, ग्यास बिक्रेताले एक परिवारलाई एक सिलिन्डर मात्र बिक्री गर्दा उपभोक्ताको नाम, ठेगाना र सम्पर्क नम्बर अनिवार्य रूपमा अभिलेख राख्नुपर्ने, व्यावसायिक प्रयोजनभन्दा घरेलु उपभोक्तालाई पहिलो प्राथमिकतामा राखेर ग्यास बिक्रीवितरण गर्नुपर्ने निर्णय भएको प्रजिअ लुइँटेलले बताए । कृत्रिम अभाव सिर्जना हुन नदिन आवश्यकताभन्दा बढी ग्यास भण्डारण नगर्न सर्वसाधारणलाई आग्रह गर्दै ग्यास बिक्रीवितरणका क्रममा बढी नाफा कमाउने उद्देश्यले अनुचित भण्डारण गर्ने, सहज आपूर्ति नगर्ने, बढी मूल्य लिने वा गलत नियतले कालोबजारी गर्ने व्यवसायीलाई कानुनी कारबाहीको दायरामा ल्याइने प्रजिअ लुइँटेलको भनाइ छ ।

जिल्ला प्रशासन कार्यालयले संयुक्त बजार अनुगमनलाई तीव्र बनाउने तथा माग, आपूर्ति र बिक्रीवितरणको नियमित अनुगमन गरी आवश्यक नियमन गर्ने निर्णयसमेत गरेको छ । पछिल्ला दिनमा ग्यासको आपूर्तिमा देखिएको असहज अवस्थालाई मध्यनजर गर्दै स्थानीय प्रशासनले ग्यास डिपोहरुको नियमित अनुगमन गरिरहेको जनाएको छ । रासस

## लागुऔषधसहित मुलुकका विभिन्न स्थानबाट २७ जना पक्राउ

**काठमाडौँ।**
प्रहरीले लागुऔषधसहित मुलुकका विभिन्न स्थानबाट २७ जनालाई पक्राउ गरी सार्वजनिक गरेको छ। सम्बन्धित जिल्ला प्रहरी कार्यालयबाट खटिएको टोलीले काठमाडौँ, नवलपरासी पूर्व, सिन्धुली, सुनसरी, झापा, कास्की, भक्तपुर, मोरङ, तनहुँ, बझाङ, बाँके र चितवनबाट लागुऔषधसहित २७ जनालाई पक्राउ गरेको हो ।

काठमाडौँको महानगरपालिका–१६ बाइपास बस्ने ५३ वर्षीया शान्ती नगरकोटीलाई नियन्त्रित लागुऔषध डाइजेपाम १७ एम्पुल, बुप्रेनोर्फिन १७ एम्पुल, प्रमोथाजाइन १७ एम्पुल र रु दुई लाख २६ हजार ८५० सहित बुधबार साँझ प्रहरीले पक्राउ गरेको छ।

नवलपरासीपूर्वको देवचुली नगरपालिका–२ सिजी अगाडि अङ्कित रेष्टुरेन्ट एण्ड लजबाट नियन्त्रित लागुऔषध डाइजेपाम ४१ एम्पुल, बुप्रेनोर्फिन ४० एम्पुल र फेनारगन ३९ एम्पुलसहित दुई, सिन्धुलीको दुधौली नगरपालिका–९ श्रीमन पेट्रोपम्प नजिकबाट खैरो हेरोइन जस्तो देखिने पदार्थ करिब ४४ ग्राम ३४० मिलिग्रामसहित तीन जनालाई प्रहरीले पक्राउ गरेको छ । सुनसरीको धरान उपमहानगरपालिका–१६ बाट पाँच, दुहबी नगरपालिका–५ फुटबल चोकबाट एक र इटहरी उपमहानगरपालिका–५

जन्ताबस्तीबाट एक जना पक्राउ परेका नेपाल प्रहरीको केन्द्रीय समाचार कक्षले जनाएको छ । झापाको मेचीनगर नगरपालिका–६ पुरानो मेचीपुलबाट खैरो हेरोइनजस्तो देखिने पदार्थ दुई ग्राम ४९० मिलिग्रामसहित इलाम सुर्योदय नगरपालिका–४ का २६ वर्षीय सलमान थापालाई प्रहरीले पक्राउ गरेको छ।

कास्कीको पोखरा महानगरपालिका–८

सृजनाचोकस्थित मण्डल खाजा घरबाट खैरो हेरोइन जस्तो देखिने पदार्थ करिब १४५ ग्राम २७० मिलिग्राम र डिजिटल तराजु एक थानसहित ४० वर्षीय चन्देश्वर महतोलाई प्रहरीले पक्राउ गरेको छ।

भक्तपुरको सूर्यविनायक नगरपालिका–५ सल्लाघारीबाट नियन्त्रित लागुऔषधसहित भक्तपुर नगरपालिका–९ च्यामासिंह बस्ने २२ वर्षीय रीतिक प्रजापतिलाई प्रहरीले पक्राउ गरेको छ । मोरङको विराटनगर महानगरपालिका–१६ दरैयाबाट खैरो हेरोइन जस्तो देखिने पदार्थ तीन ग्राम ८४० मिलिग्रामसहित बेलबारी नगरपालिका–१ बस्ने ३१ वर्षीय अजय साही, धनपालथान गाउँपालिका–२ भवानीपुरस्थित बारीबाट २७ वर्षीय सुमनकुमार साह र २७ वर्षीय अमर साहलाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ।

यसैगरी, मोरङको विराटनगर महानगरपालिका–१५ स्थित एक नम्बर ढाँटबाट खैरो हेरोइन जस्तो देखिने पदार्थ १० ग्राम ९४० मिलिग्रामसहित लेटाङ नगरपालिका–२ बस्ने २५ वर्षीय विकास भुजेलसहित दुई, तनहुँको म्याग्दे गाउँपालिका–२ जामुनेबाट दुई, बझाङको जयपृथ्वी नगरपालिका–११ धामीलेखबाट एक, बाँकेको नेपालगञ्ज उपमहानगरपालिका–१० ट्राफिक चोकबाट एक र चितवनको इच्छाकामना गाउँपालिका–५ मुग्लिङ बजारबाट दुई जनालाई प्रहरीले पक्राउ गरेको छ । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ। रासस

## बाढीले बगाउँदा मृत्यु

**महोत्तरी।**
महोत्तरीको बर्दिबासस्थित गढन्ता खोलाको बाढीले बगाउँदा एक जनाको मृत्यु भएको छ।

इलाका प्रहरी कार्यालय बर्दिबासका प्रहरी नायब उपरीक्षक गुरुप्रसाद तिमिल्सिनाका अनुसार खोलाले बगाउँदा बर्दिबास नगरपालिका–५ निवासी ६२ वर्षीय टङ्कबहादुर बस्नेतको मृत्यु भएको हो । खोला छेउको खेतमा पानी तान्न राखिएको विद्युतीय मोटर खोलाले बगाउन थालेपछि बुधबार साँझ मोटर निकाल्न खोलातर्फ जाने क्रममा बाढीले एक्कासि बगाउँदा बस्नेत बेपत्ता भएका थिए। खोजी गर्ने क्रममा घटनास्थलबाट करिब तीन किलोमिटर दक्षिणतर्फ खोलामा घोप्टो परेको अवस्थामा बस्नेतको शव फेला परेको प्रहरी नायब उपरीक्षक तिमिल्सिनाले बताए । रासस

### बिपी कोइराला क्यान्सर अस्पतालमा
## ‘बोनम्यारो’ प्रत्यारोपणको तयारी



**चितवन ।**
यहाँस्थित बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालले ‘बोनम्यारो’ (रक्तमासी) प्रत्यारोपणका लागि आवश्यक भौतिक एवं चिकित्सकीय तयारी थालेको छ । यसका लागि नेपाल सरकारसंगको सहकार्यमा चीन सरकारले भवन निर्माण, उपकरण खरिद र चिकित्सक, नर्सलाई तालिम दिने गरी यो परियोजना अघि बढाएको हो ।

चिकित्सकका अनुसार शरीरको फ्ल्याट हड्डीभित्र हुने बोनम्यारोमा रातो रक्त कोष (आरबिसी), सेतो रक्त कोष (डब्लुबिसी) र प्लेटलेट्स बन्ने गर्छ । बोनम्यारोको रोग विशेषगरी दुई तरिकाले लाग्छ । एप्लास्टिक एनिमिया र रक्त क्यान्सर वा बोनम्यारो क्यान्सर । यी दुवै रोगले बोनम्यारोको नियमित काममा बाधा ल्याइदिन्छ र बोनम्यारोमा बन्नु पर्ने आरबिसी, डब्लुबिसी र प्लेटलेट्स बन्न पाउँदैन । यस्तो अवस्थामा बोनम्यारो प्रत्यारोपण गर्नुपर्ने हुन्छ । बोनम्यारो प्रत्यारोपणमा शरीरको कुनै अङ्ग नै झिक्ने, चिरफार गर्ने हुँदैन । यो भनेको सुइबाट रगत झिक्ने वा बोनम्यारो झिक्ने र सुइबाटै राख्ने विधि हो ।

अस्पतालका निमित्त कार्यकारी निर्देशक डा उमेश नेपालले चिनियाँ टोली केही दिन अघि दुई साता यहाँ बसेर ‘बोनम्यारो’ प्रत्यारोपण सेवा सञ्चालनका लागि आवश्यक पूर्वाधारका विषयमा छलफल गरेको जानकारी दिए । टोलीले भरतपुर महानगरपालिका, सहरी विकास तथा भवन निर्माण आयोजना, नेपाल विद्युत् प्राधिकरण भरतपुर वितरण केन्द्रका प्राविधिकसहित बसेर सुझाव समेत लिएको थियो । उनका अनुसार यसका लागि नेपाल सरकारसँग पुनः सम्झौता पश्चातआवश्यक काम अघि बढ्ने छ । अस्पतालको अन्तरङ्ग भवनको अगाडि तीन तलाको भवन बनाइने छ । निमित्त कार्यकारी निर्देशक नेपालका अनुसार सन् २०२६ मा नै काम सुरु गर्ने चिनियाँ टोलीको तयारी छ ।

चिनियाँ सरकारले यो परियोजना सम्पन्न गर्न करिब ३७ मिलियन चिनिया रकम खर्च गर्दै छ । अस्पतालका निवर्तमान कार्यकारी निर्देशक डा शिवजी पौडेलका अनुसार ‘बोनम्यारो’ प्रत्यारोपण सेवा सञ्चालनका लागि भवन निर्माण, उपकरण खरिद र जनशक्तिलाई तालिमसमेत चीन सरकारले व्यवस्थापन गर्ने छ । यसअघि नेपाल सरकार र चीनको चिनियाँ अन्तरराष्ट्रिय विकास सहयोग संस्था (चाइना इन्टरनेसनल डेभलपमेन्ट को–अपरेसन एजेन्सी) का बीच सम्झौता भइसकेको छ । बोनम्यारो युनिट पाँच श्ययाको हुनेछ । उनका अनुसार सुरुमा पुरानो भवनमा युनिट सञ्चालन गर्ने तयारी गरिएको भए पनि यो सम्भव नहुने भएपछि नयाँ भवन बनाउन लागिएको हो । भवन बनाउने ठाउँको माटो परीक्षणलगायतका काम यसअघि नै सम्पन्न भइसकेका छन् ।

बोनम्यारो युनिटमा काम गर्नका लागि हाल अस्पतालका तीन जना चिकित्सक र नर्स चीनमा तालिम लिईरहेका छन् । निवर्तमान कार्यकारी निर्देशक डा पौडेलले भने, ‘बोनम्यारो’ प्रत्यारोपणका लागि यसअघि नै तीन स्वास्थ्यकर्मी जनाले छ महिनाको र पाँच जनाले दुई हप्ताको तालिम लिएर फर्किएका छन् । त्यहाँ काम गर्ने जनशक्तिलाई चीन सरकारको तर्फबाट थप आवश्यक तालिम दिइँदैछ । उनीहरुले निर्माण थालेको एक वर्ष छ महिनामा काम सम्पन्न गर्ने तयारी गरेको जनाइएको छ । यो स्तरको अत्याधुनिक बोनम्यारो प्रत्यारोपण युनिट नेपालमा पहिलो हुने डा पौडेलको दावी छ । अहिले बोनम्यारो प्रत्यारोपण गर्नुपर्ने बिरामी विदेश जान बाध्य छन् । यहाँ यो सेवा सुरु भएसँगै कम खर्चमा बिरामीहरुले उच्चस्तरको सेवा पाउने उनी बताउँछन् ।

विसं २०५१ मा चीन सरकारको सहयोगमा क्यान्सर अस्पताल निर्माण गरिएको थियो । त्यसयता यहाँ निरन्तर चिनियाँ चिकित्सकले समेत बिरामीको उपचार गरिरहेका छन् । यहाँ नेपाल सहित भारतका बिरामी समेत उपचार गर्न आउने गर्दछ । रासस

### सर्भरमा समस्याले गर्दा
## लाइसेन्स वितरण तथा नवीकरणको काम ठप्प

**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेस प्रदेश मातहत रहेको यातायात व्यवस्था कार्यालय जनकपुर, धनुषामा सर्भर समस्या र प्रणाली स्तरोन्नतिको नाममा विगत तीन सातादेखि नयाँ सवारी चालक अनुमति पत्र (लाइसेन्स) वितरण तथा नवीकरणको काम पूर्ण रूपमा ठप्प भएको छ।

असार २९ गतेदेखि सेवा अवरुद्ध हुँदा लिखित र प्रयोगात्मक (ट्रायल) परीक्षा उत्तीर्ण गरिसकेका तथा नवीकरणको पर्खाइमा रहेका हजारौँ सेवाग्राही चरम सास्ती भोग्न बाध्य भएका छन् । यातायात व्यवस्था विभागमा रहेको केन्द्रीय सर्भरबाट प्रदेश मातहतको डाटा नयाँ प्रणालीमा स्थानान्तरण गर्ने र नयाँ सफ्टवेयर जडान गर्ने कार्य भइरहेकाले नयाँ लाइसेन्स र नवीकरणको प्रक्रिया रोकिएको कार्यालयले जनाएको छ । हाल कार्यालयले केवल सवारी साधनको कर सङ्कलनको काम मात्रै गर्दै आएको छ।

## इन्स्ट्च्यिुट अफ इन्जिनियरिङ प्रवेश परीक्षामा वर्णवाल उत्कृष्ट

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजस्थित हरि खेतान बहुमुखी क्याम्पसका विद्यार्थी अमित कुमार बर्णवालले यस वर्षको इन्स्टिच्युट अफ इन्जिनियरिङ प्रवेश परीक्षामा उत्कृष्ट सफलता हासिल गरेको छ । उनले २१७औँ रैंक प्राप्त गर्दै पूर्ण छात्रवृत्ति प्राप्त गर्न सफल भएको सो क्याम्पसले जनाएको छ।

पहिलो प्रयासमै उत्कृष्ट नतिजा हासिल गरेर पूर्ण छात्रवृत्ति प्राप्त गर्न सफल भएका अमितको उपलब्धिलाई कलेजले गौरवपूर्ण सफलताका रूपमा लिएको जनाएको छ।

यस सफलताले कलेजको शैक्षिक वातावरण, विद्यार्थीको मेहनत तथा गुणस्तरीय शिक्षाप्रतिको प्रतिबद्धतालाई थप उजागर गरेको क्याम्पस सञ्चालक समितिका सल्लाहकार जय प्रकाश खेतानले बताए।

क्याम्पसमा आयोजित बधाई तथा शुभकामना कार्यक्रममा क्याम्पस प्रमुख किशोरी राय, हरि खेतान बहुमुखी कलेज सञ्चालक समितिका सल्लाहकार सुरेश रुङटालगायतले अमितलाई बधाई तथा शुभकामना दिनुभएको थियो।

## जिल्ला प्रशासन कार्यालयमा सिडिओको छडके



**मधेशदृष्टि**
**वीरगंज।**
पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहालले जिल्ला प्रशासन कार्यालय पर्साको छड्के अनुगमन गर्दै सेवाग्राहीलाई सरल, सहज, छिटो–छरितो तथा प्रभावकारी सेवा प्रदान गर्न कर्मचारीहरूलाई कडा निर्देशन दिएका छन् ।

अनुगमनका क्रममा प्रमुख जिल्ला अधिकारी दाहालले कार्यालयमा सेवा लिन आउने नागरिकलाई कुनै पनि बहानामा अनावश्यक रूपमा कुराउने, झन्झटमा पार्ने वा दुःख दिने कार्य स्वीकार्य नहुने स्पष्ट पारे।

उनले सेवाग्राहीको समयको सम्मान गर्दै कानुनबमोजिम निर्धारित समयसीमाभित्र सेवा उपलब्ध गराउन सबै कर्मचारीलाई निर्देशन दिएका हुन्। उनले सरकारी कार्यालयप्रति नागरिकको विश्वास कायम राख्न सेवा प्रवाहलाई अझ प्रभावकारी, पारदर्शी र उत्तरदायी बनाउनुपर्नेमा जोड दिए।

सेवा प्रवाहमा ढिलासुस्ती, लापरवाही वा गैरजिम्मेवार व्यवहार देखिएमा सम्बन्धित कर्मचारीलाई आवश्यक कारबाही गरिने चेतावनीसमेत उनले दिए । प्रमुख जिल्ला अधिकारी दाहालले कर्मचारीहरूलाई सेवाग्राहीसँग शिष्ट, मर्यादित र जिम्मेवार व्यवहार गर्न आग्रह गर्दै सार्वजनिक सेवामा अनुशासन, इमान्दारिता र कार्यकुशलता अपरिहार्य रहेको बताए। उनले कार्यालयमा आउने प्रत्येक नागरिकले सहज र सन्तोषजनक सेवा प्राप्त गर्न सक्ने वातावरण निर्माण गर्नु सबै कर्मचारीको साझा दायित्व भएको उल्लेख गरे। छड्के अनुगमनका क्रममा विभिन्न शाखाको सेवा प्रवाह, कर्मचारीको उपस्थितिसँगै सेवाग्राहीलाई प्रदान गरिने सुविधाको अवस्थाबारे समेत जानकारी लिइएको थियो । अनुगमनका क्रममा देखिएका केही विषयमा आवश्यक सुधार गर्न सम्बन्धित शाखाका कर्मचारीलाई तत्काल निर्देशन दिइएको बताइएको छ।

उक्त अनुगमनमा सहायक प्रमुख जिल्ला अधिकारीद्वय कृष्ण थापा र कृष्ण चौलागाईको समेत सहभागिता रहेको थियो । जिल्ला प्रशासन कार्यालयले सेवा प्रवाहलाई थप प्रभावकारी, पारदर्शी र सेवामुखी बनाउन आगामी दिनमा पनि यस्ता अनुगमनलाई निरन्तरता दिने जनाएको छ।

## धनुषामा गत आवमा ५७ किमी सडक ढलान

**जनकपुरधाम।**
पूर्वाधार विकास कार्यालय जनकपुरधामले गत आवमा आर्थिक वर्ष २०८२/८३ मा सडक पूर्वाधारतर्फ प्रगति हासिल गरेको जनाएको छ । कार्यालयका अनुसार उक्त अवधिमा धनुषाका विभिन्न स्थानमा ५७ किलोमिटर सडक ढलान तथा २२ कल्भर्ट निर्माण सम्पन्न गरिएको छ । त्यसैगरी २२ दशमलव पाँच किलोमिटर सडकमा ग्राभेल र एक किमी सडक कालोपत्र गरिएको कार्यालय प्रमुख सञ्जीवकुमार साहले जानकारी दिए । उनका अनुसार सोही अवधिमा सात किलोमिटर सडक मर्मत–सम्भारको काम पनि सम्पन्न भएको छ । निरन्तरको पहल र प्रयासपछि आर्थिक वर्ष २०८२/८३ मा जनकपुरधाममा बिपी स्मृति सभाहल तथा सबैलामा योगनारायण स्मृति सभाहल निर्माण सम्पन्न भएको उनले बताए । उक्त अवधिमा धनुषाका विभिन्न स्थानमा २२सामुदायिक भवन र दुई वटा सभाहल निर्माण सम्पन्न गरिएको पनि उनले जानकारी दिए। मधेश प्रदेश सरकारद्वारा धनुषामा सञ्चालित ३२ वटा बहुवर्षीय योजनामध्ये अधिकांश योजनाको काम अन्तिम चरणमा पुगेको कार्यालयले जनाएको छ । कार्यालय प्रमुख साहका अनुसार बहुवर्षीय योजनाअन्तर्गत सञ्चालित ‘एक निर्वाचन क्षेत्र सडक कार्यक्रम’ पनि अन्तिम चरणमा पुगेको छ । उक्त कार्यक्रमअन्तर्गत सबै निर्वाचन क्षेत्रमा पाँच–पाँच किलोमिटर सडक निर्माण तथा कालोपत्र गरिने योजना रहेको छ । यसैबीच, बहुवर्षीय योजनाअन्तर्गत जनकपुरधाम उपमहानगरपालिका–१ स्थित जलाद खोलामा पुल निर्माण तथा धनुषाको भिमानदेखि महनगाछी–किसनपुरसम्म सडक कालोपत्रको काम सम्पन्न भइसकेको प्रमुख साहले बताए।

जनता आवास कार्यक्रमअन्तर्गत धनुषा र महोत्तरीमा सञ्चालित आवास कार्यक्रमअन्तर्गत ७९६ आवासमध्ये ६३८ आवास निर्माण सम्पन्न भइसकेको छ । बाँकी आवास सम्बन्धित अदालतमा मुद्दा विचाराधीन रहेकाले रोकिएको प्रमुख साहले बताए । यस्तै धनुषामा महेन्द्र नारायण निधि विपन्न आवास योजनाअन्तर्गत धनुषामा १०५ आवासमध्ये ७१ वटा आवास भवनको निर्माण कार्य सम्पन्न भइसकेको छ । बाँकी ३४ वटा भवन निर्माणाधीन अवस्थामा रहेको प्रमुख साहको भनाइ छ । विपन्नसँग मदन भण्डारी विपन्न आवास योजनाअन्तर्गत धनुषामा ५५ आवास भवनमध्ये २९ वटाको निर्माण कार्य सम्पन्न भएको र बाँकी निर्माण भइरहेको प्रमुख साहले बताए। रासस

## संविधान संशोधन बहसपत्रको प्रतिवेदन पछि

# सात दल तम्सिए अग्रगामी मोर्चा बनाउन



**मधेशदृष्टि**
**जनकपुरधाम।**
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले संविधान संशोधनसम्बन्धी बहसपत्र तयार गर्न गठन गरेको कार्यदलको प्रतिवेदन सार्वजनिक भएपछि सात राजनीतिक दलले संयुक्त रूपमा 'अग्रगामी मोर्चा' गठन गर्ने निर्णय गरेका छन् । संविधानका उपलब्धिमाथि खतरा बढेको निष्कर्ष निकाल्दै ती दलले गणतन्त्र, संघीयता, समावेशिता र धर्मनिरपेक्षताको पक्षमा साझा अभियान सञ्चालन गर्ने तयारी गरेका हुन् ।
मोर्चामा उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी (नेपाल), डा. सीके राउत नेतृत्वको जनमत पार्टी, रेशम चौधरी संरक्षक रहेको नागरिक उन्मुक्ति पार्टी, जनार्दन शर्मा नेतृत्वको प्रगतिशील लोकतान्त्रिक पार्टी, रिजवान अन्सारी नेतृत्वको नेपाल संघीय समाजवादी पार्टी, प्रभु साह नेतृत्वको आम जनता पार्टी तथा हरिनन्दन कुमार अम्बेडकर नेतृत्वको बहुजन एकता पार्टी सहभागी छन् ।
नेपाल संघीय समाजवादी पार्टीका अध्यक्ष रिजवान अन्सारीले संविधान संशोधन बहसपत्रमा राजसंस्था पुनःस्थापना र जनमतसंग्रहजस्ता विषय समेटिएको भन्दै त्यसले राजनीतिक वृत्तमा गम्भीर चिन्ता पैदा गरेको बताए । उनका अनुसार यही कारण अग्रगामी शक्तिहरू एक ठाउँमा उभिन आवश्यक भएको हो । अन्सारीले वर्तमान सरकारका गतिविधिले संघीय लोकतान्त्रिक गणतन्त्र, समावेशिता र धर्मनिरपेक्ष व्यवस्थामाथि प्रश्न उठ्ने अवस्था सिर्जना गरेको आरोप लगाए। प्रधानमन्त्रीका मुख्य सल्लाहकार असिम शाहको नेतृत्वमा बनेको कार्यदलको प्रतिवेदनले संविधानका आधारभूत मान्यतामाथि बहस सुरु गराएकाले त्यसविरुद्ध राजनीतिक रूपमा एकजुट हुनुपरेको उनको भनाइ छ।
जनता समाजवादी पार्टी (नेपाल) का नेता जितेन्द्र सोनलले लामो राजनीतिक संघर्षबाट प्राप्त उपलब्धिको संरक्षण गर्न र बाँकी रहेका अधिकार तथा पहिचानका मुद्दालाई अघि बढाउन मोर्चा गठन गरिएको बताए । उनका अनुसार संविधानले सुनिश्चित गरेका उपलब्धिलाई संस्थागत गर्दै थप अधिकार सुनिश्चित गर्ने उद्देश्य मोर्चाको मुख्य प्राथमिकता हुनेछ । अन्सारीले वर्तमान सरकारप्रति विभिन्न राजनीतिक दलमा आशंका बढ्दै गएको दाबी गर्दै संघीयताको पक्षमा स्पष्ट प्रतिबद्धता नआउनु र प्रदेश संरचनाबारे उठेका बहसले थप शंका उत्पन्न गरेको बताए । धार्मिक ध्रुवीकरण बढ्दो अवस्थामा रहेको आरोपसमेत लगाउँदै उनले प्रतिगमन रोक्न राजनीतिक एकता आवश्यक भएको उल्लेख गरे।
मोर्चाको औपचारिक घोषणा साउन २३ गते गर्ने तयारी गरिएको छ । प्रारम्भिक चरणमा कुनै आन्दोलनका कार्यक्रम सार्वजनिक नगरी देशभर अन्तरक्रिया र जनभेटघाटमार्फत वर्तमान राजनीतिक अवस्थाबारे नागरिकलाई जानकारी गराउने योजना रहेको मोर्चाले जनाएको छ । मोर्चाका नेताहरूका अनुसार जनताबाट प्राप्त सुझाव र प्रतिक्रियाका आधारमा आगामी रणनीति तथा संघर्षका कार्यक्रम तय गरिनेछ।

## गोलबजारको संयुक्त श्रद्धाञ्जली सभामा

# रास्वपा सांसदको अभिव्यक्तिपछि तनाव



**मधेशदृष्टि**
**जनकपुरधाम।**
सिरहाको गोलबजारमा हिन्दु र मुस्लिम समुदायले संयुक्त रूपमा आयोजना गरेको श्रद्धाञ्जली सभामा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद तपेश्वर यादवको अभिव्यक्तिपछि केहीबेर तनावको स्थिति सिर्जना भएको छ । सुनसरीको देवानगञ्ज र त्यसको प्रभावस्वरूप सिरहाको गोलबजारमा भएका घटनामा ज्यान गुमाएकाहरूको श्रद्धाञ्जलीका लागि उद्योग व्यापार संघ गोलबजारले बिहीबार संयुक्त कार्यक्रम आयोजना गरेको थियो । सामाजिक सद्भाव, सहिष्णुता र आपसी भाइचारा कायम गर्ने उद्देश्यले आयोजित कार्यक्रममा दुवै समुदायका नागरिक, जनप्रतिनिधि,
उद्योगी–व्यवसायी तथा स्थानीय अगुवाको सहभागिता रहेको थियो।
कार्यक्रममा सिरहा क्षेत्र नम्बर–४ बाट निर्वाचित रास्वपा सांसद तपेश्वर यादव तथा समानुपातिक सांसद सबिना मियाँ पनि सहभागी थिए । मन्तव्यका क्रममा सांसद यादवले गोलबजारका केही राजनीतिक दल तथा व्यक्तिका कारण घटना भएको आरोप लगाएपछि कार्यक्रमस्थलमा केहीबेर तनाव उत्पन्न भएको थियो । त्यसपछि अन्य राजनीतिक दलका समर्थक र रास्वपा समर्थकबीच भनाभन भएको प्रहरीले जनाएको छ । स्थिति तनावपूर्ण बनेपछि प्रहरीले हस्तक्षेप गर्दै सांसद यादवलाई सुरक्षित रूपमा कार्यक्रमस्थलबाट बाहिर निकालेको थियो।
यसअघि मन्तव्यका क्रममा सांसद यादवले सुनसरी र सिरहामा भएका घटनाबारे सरकारले निष्पक्ष अनुसन्धान गरिरहेको बताएका थिए । घटनामा गोली चल्नुपर्ने अवस्था नरहेको दाबी गर्दै त्यसबेला ड्युटीमा रहेका प्रहरी निरीक्षक, तत्कालीन डीएसपी, प्रमुख जिल्ला अधिकारीलगायतको भूमिकामाथि छानबिन भइरहेको बताएका थिए । यता, सांसद सबिना मियाँले नेपाल सबै समुदायको साझा देश भएकाले विभाजनको भावना त्यागेर एकता, सद्भाव र सहकार्यका साथ अघि बढ्नुपर्नेमा जोड दिइन्।
कार्यक्रमका अन्य वक्ताले सुनसरी र गोलबजारका घटनामा राज्य संयन्त्रको कमजोरी मुख्य कारण रहेको धारणा राखे। समयमै प्रभावकारी सुरक्षा व्यवस्था, समन्वय र संवेदनशीलता अपनाइएको भए यस्ता दुःखद घटना टार्न सकिने उनीहरूको भनाइ थियो।
उद्योग व्यापार संघ गोलबजारका अध्यक्ष विजय सासका अनुसार घटनाका क्रममा मुस्लिम समुदायका घर, पसल तथा व्यवसायमा भएको क्षतिको उचित क्षतिपूर्तिको माग सम्बोधन गर्ने प्रतिबद्धतासहित संयुक्त श्रद्धाञ्जली कार्यक्रमपछि बन्द रहेका पसल खोल्ने सहमति भएको छ । साउन १० गते सुनसरीको देवानगञ्जमा भएको घटनाको प्रभाव साउन १४ गते सिरहाको गोलबजारसम्म फैलिँदा साम्प्रदायिक तनाव चर्किएको थियो । उक्त घटनामा सिरहाका गणेश यादव तथा सुनसरीका ओमप्रकाश महतो, जयप्रकाश महतो र रविन्द्र मेहताको मृत्यु भएको थियो । त्यसक्रममा गोलबजारमा मुस्लिम समुदायका घर, पसल, व्यवसाय तथा अन्य संरचनामा तोडफोड र आगजनीसमेत भएको थियो।
संयुक्त श्रद्धाञ्जली कार्यक्रममार्फत हिन्दु र मुस्लिम समुदायका प्रतिनिधिले विगतका तिक्तता बिर्सेर शान्तिपूर्ण सहअस्तित्व, आपसी विश्वास र सामाजिक एकतालाई थप सुदृढ बनाउने प्रतिबद्धता व्यक्त गरेका छन । साथै, भविष्यमा कुनै पनि प्रकारको साम्प्रदायिक द्वन्द्व हुन नदिई सत्य, न्याय र कानुनी प्रक्रियामार्फत मात्रै दीर्घकालीन समाधान सम्भव हुने विश्वाससमेत व्यक्त गरेका छन्।

## फोहोर व्यवस्थापनका लागि

# जग्गा खोज्दै जनकपुरधाम उपमहानगर



**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनकपुरधाम उपमहानगरपालिकाले दैनिक उत्पादन हुने फोहोरमैला व्यवस्थापनका लागि उपयुक्त जग्गा भाडामा लिन इच्छुक जग्गाधनीबाट आवेदन माग गरेको छ । उपमहानगरले सार्वजनिक सूचना जारी गर्दै आवश्यक कागजातसहित १५ दिनभित्र निवेदन पेश गर्न आग्रह गरेको हो । मंगलबार प्रकाशित सूचनाअनुसार प्रस्ताव गरिने जग्गा एउटै स्थानमा हुनुपर्नेछ । साँधसिमाना जोडिएका छुट्टाछुट्टै जग्गा भए सम्बन्धित जग्गाधनीले संयुक्त रूपमा पनि आवेदन दिन सक्ने व्यवस्था गरिएको छ।
आवेदनसँग नेपाली नागरिकताको प्रमाणपत्र, जग्गाधनी दर्ता प्रमाणपत्र, चालु आर्थिक वर्षको मालपोत तिरेको रसिद तथा जग्गाको नक्सा अनिवार्य रूपमा संलग्न गर्नुपर्ने उपमहानगरपालिकाले जनाएको छ । जग्गाधनी स्वयं उपस्थित हुनुपर्ने तथा उपस्थित हुन नसके कानुनबमोजिम प्रतिनिधि वा वारेसमार्फत आवेदन दिन सकिने व्यवस्था पनि गरिएको छ । फोहोर व्यवस्थापन स्थलका लागि उपमहानगरले केही मापदण्डसमेत तोकेको छ । प्रस्तावित जग्गाले बस्ती, विद्यालय, सार्वजनिक बाटो, कुलो, मसानघाट, सार्वजनिक वा सामुदायिक जग्गा, वन क्षेत्र, सरकारी कार्यालय तथा नदी–नालालगायत क्षेत्र अतिक्रमण गरेको हुनुहुँदैन।
यस्तै, जग्गाको स्वामित्वसम्बन्धी कुनै विवाद नभएको, सवारीसाधन सहजै पुग्ने बाटो भएको तथा बस्ती र विद्यालयबाट कम्तीमा एक किलोमिटर टाढा रहेको हुनुपर्ने सर्त राखिएको छ । उपमहानगरपालिकाका अनुसार जग्गाधनीले आवेदनमा जग्गा भाडामा उपलब्ध गराउने दर अंक र अक्षर दुवैमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । उपमहानगरपालिकाले दीर्घकालीन र व्यवस्थित फोहोर व्यवस्थापनका लागि उपयुक्त स्थानको खोजी सुरु गरिएको जनाएको छ । यस सम्बन्धमा थप जानकारी आवश्यक परे सरसफाइ शाखामा सम्पर्क गर्न सकिने सूचनामा उल्लेख गरिएको छ।

## ट्याङ्करले ई–रिक्सालाई ठक्कर दिंदा ९ जना घाइते

**मधेशदृष्टि**
**वीरगंज।**
चालकले मादक पदार्थ सेवन गरि चलाएको भारतीय ग्यास ट्याङ्करले ई–रिक्सालाई ठक्कर दिंदा ९ जना घाइते भएका छन् । वीरगंज महानगरपालिका–२४ बहुअरी चोकनजिकै हुलाकी सडकखण्डमा बुधबार राति करिब ८:०० बजे दुर्घटना भएको हो।
पावरहाउसबाट तिलावे पुलतर्फ जाँदै गरेको, ना २ ह ६६८२ नम्बरको ई–रिक्सालाई सोही दिशाबाट आउँदै गरेको आर.जे. १४ जी.ई. ८७१० नम्बरको ग्यास ट्याङ्करले पछाडिबाट ठक्कर दिएको हो । दुर्घटनालगत्तै ट्याङ्कर र चालक घटनास्थलबाट फरार भएका थिए । दुर्घटनामा परेर ई–रिक्सामा सवार ९ जना नै घाइते भएका छन्।
घाइतेमध्ये ६ जनाको अवस्था गम्भीर र ३ जनाको अवस्था मध्यम रहेको प्रहरीले जनाएको छ । घटनालगत्तै उद्धार गरी सबै घाइतेहरूलाई तत्काल उपचारका लागि वीरगञ्जस्थित नारायणी अस्पतालमा भर्ना गरिएको छ । दुर्घटना गराएर फरार भएको ट्याङ्कर र त्यसका चालकलाई प्रहरी घटनाको केही समय पछि नियन्त्रणमा लिएको छ । पक्राउ पर्ने चालक भारतको मुजफ्फरपुर जिल्ला, साहेबगञ्जका ४८ वर्षीय धनेश्वर राय रहेका छन् । स्वास्थ्य परीक्षण गर्दा चालक रायले अत्यधिक मादक पदार्थ सेवन गरेर सवारी साधन चलाएको पुष्टि भएको छ।

## ई–स्कुटी चेकजाँचप्रति स्थानीय असन्तुष्ट

**मधेशदृष्टि**
**वीरगंज।**
पर्सामा जिल्ला प्रहरी कार्यालय र जिल्ला ट्राफिक प्रहरी कार्यालयले संयुक्त रूपमा सञ्चालन गरेको ई–स्कुटी चेकजाँच तथा नियन्त्रण अभियानप्रति स्थानीयवासीले असन्तुष्टि जनाएका छन् । केही दिनअघिसम्म बिना अवरोध नेपाल भित्रिन दिइएका ई–स्कुटीहरू अहिले प्रहरीले नियन्त्रणमा लिन थालेपछि स्थानीयले प्रशासनमाथि दोहोरो मापदण्ड अपनाएको आरोप लगाएका छन् । प्रहरीका अनुसार पछिल्लो तीन दिनमा नेपालमा दर्ता नभएका, आवश्यक कागजात नभएका तथा भन्सार प्रक्रिया पूरा नगरी नेपाल भित्रिएका कम्तीमा ४१ वटा ई–स्कुटी नियन्त्रणमा लिइएको छ । नियन्त्रणमा परेका केही स्कुटी भारतका नागरिकका पनि रहेको बताइएको छ, जो विभिन्न कामका सिलसिलामा वीरगंज आएका थिए । जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लले बरामद गरिएका सबै ई–स्कुटी आवश्यक कानुनी कारबाहीका लागि वीरगंज भन्सार कार्यालयमा बुझाइएको जानकारी दिए । वीरगंजका स्थानीयवासी भने प्रशासनको कार्यशैलीप्रति असन्तुष्ट देखिएका छन् । उनीहरूका अनुसार लामो समयसम्म सीमा नाकाबाट ई–स्कुटी सहज रूपमा भित्रिन दिइयो, तर अहिले अचानक नियन्त्रण अभियान सञ्चालन गरिनु नागरिकप्रति अन्यायपूर्ण व्यवहार भएको उनीहरूको भनाइ छ।

## प्रहरीको जाँच छल्दै लागुऔषध ओसारपसार गर्ने तीनजना पक्राउ



**मधेशदृष्टि**
**सिरहा।**
पत्रकारको परिचयपत्र प्रयोग गरी प्रहरीको जाँच छल्दै लागुऔषध ओसारपसार गर्ने गरेको आरोपमा तीन जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सिरहाको लक्ष्मीपुर गाउँपालिकाका २६ वर्षीय उमेशकुमार यादव, लहान नगरपालिका–१० का ३० वर्षीय रमेशकुमार राम तथा लक्ष्मीपुर गाउँपालिका–२ का २५ वर्षीय गुल्सनप्रसाद साह रहेका छन्।
लागुऔषध नियन्त्रण ब्युरो शाखा कार्यालय बर्दिबासको टोलीले सिन्धुलीको दुधौली नगरपालिका–९ बाट ब्राउन सुगरसहित उनीहरूलाई पक्राउ गरेको हो । लागुऔषध नियन्त्रण ब्युरोका अनुसार मङ्गलबार राति नियमित चेकजाँचका क्रममा बा १६ च ७८४६ नम्बरको कारलाई नियन्त्रणमा लिइएको थियो।
कारको गियर बक्सभित्र विशेष रूपमा लुकाएर राखिएको अवस्थामा ४४ ग्राम ३४० मिलिग्राम प्रतिबन्धित लागुऔषध ब्राउन सुगर बरामद भएको प्रहरीले जनाएको छ।
लागुऔषध नियन्त्रण ब्युरोका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक सुवास बोहराका अनुसार पक्राउ परेका चालक उमेशकुमार यादवको साथबाट सिरहाको लहान–२२ ठेगाना उल्लेख भएको 'जनजागरण खबर' नामक सञ्चारमाध्यमको पत्रकार परिचयपत्रसमेत बरामद भएको छ।

## धनुषा जिल्ला अदालतः

# एक वर्षमा ५ हजार २१६ मुद्दा फर्छयौट

**मधेशदृष्टि**
**जनकपुरधाम।**
धनुषा जिल्ला अदालतले आर्थिक वर्ष २०८२/८३ मा पाँच हजार २१६ मुद्दा फर्छयौट गरेको छ । सो अवधिमा अदालतमा पाँच हजार ८४४ नयाँ मुद्दा दर्ता भएका थिए भने अघिल्लो आर्थिक वर्षबाट चार हजार २३१ मुद्दा सरेर आएका थिए।
अदालतका सूचना अधिकारी हेमकुमार महतोका अनुसार गत आर्थिक वर्षमा कुल १० हजार ७५ मुद्दामध्ये पाँच हजार २१६ मुद्दा टुंग्याइएको हो । हाल पाँच हजार ५९ मुद्दा विचाराधीन अवस्थामा रहेका छन्।
अघिल्लो आर्थिक वर्ष २०८१/८२ मा अदालतले पाँच हजार ७०१ मुद्दा फस्र्योट गरेको थियो। त्यसबेला पाँच हजार ७५३ नयाँ मुद्दा दर्ता भएका थिए भने चार हजार १७९ मुद्दा अघिल्लो वर्षबाट सरेर आएका थिए । कुल नौ हजार ९३२ मुद्दामध्ये पाँच हजार ७०१ मुद्दा फस्र्योट भएको अदालतले जनाएको छ।

## पेट्रोल बोकेको ट्याङ्करमा दुर्घटनापछि आगलागी



**मधेशदृष्टि**
**रौतहट।**
पूर्व–पश्चिम राजमार्गअन्तर्गत रौतहटको गुजरा नगरपालिका–३ स्थित धनसार पुल नजिकै पेट्रोल बोकेको एक ट्याङ्कर दुर्घटनापछि आगलागी भई पूर्ण रूपमा जलेर नष्ट भएको छ । बिहीबार बिहान करिब ५ः३० बजे बाराको अमलेखगञ्जबाट सर्लाहीतर्फ जाँदै गरेको मधेश प्रदेश ०३–००१ ख ७८११ नम्बरको पेट्रोल ट्याङ्कर सडकमा अचानक आएको मृगलाई बचाउन खोज्दा अनियन्त्रित भई सडकको दाहिनेपट्टि पल्टिएको थियो।
दुर्घटनालगत्तै ट्याङ्करमा बोकेको इन्धनका कारण अचानक भीषण आगलागी भएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता प्रहरी नायब उपरीक्षक (डिएसपी) वसन्त गौतमले जानकारी दिए । घटनाको खबर पाउनासाथ इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका डिएसपी सत्यनारायण थापा र जिल्ला ट्राफिक प्रहरी कार्यालय चपुरका प्रहरी निरीक्षक (इन्स्पेक्टर) राजेन्द्र थापा मगरको नेतृत्वमा १५ जनाको प्रहरी टोली तत्काल घटनास्थल पुगेको थियो।
त्यसपछि चन्द्रपुर नगरपालिका र बाराको निजगढ नगरपालिकाबाट आएका दुईवटा दमकलको सहयोगमा बिहान ६:५० बजे आगो पूर्ण रूपमा नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ । आगलागीबाट ट्याङ्कर पूर्ण रूपमा ध्वस्त भए पनि सौभाग्यवश कुनै मानवीय क्षति भने भएको छैन।

## यातायात व्यवस्था कार्यालय जनकपुरः

# एक वर्षमा ५७ करोड बढि राजस्व संकलन

**मधेशदृष्टि**
**जनकपुरधाम।**
यातायात व्यवस्था कार्यालय, जनकपुरधामले आर्थिक वर्ष २०८२/८३ मा विभिन्न सेवामार्फत ५७ करोड १५ लाख ३० हजार ६३६ रुपैयाँ राजस्व सङ्कलन गरेको छ।
कार्यालय प्रमुख वासुदेव मल्लका अनुसार नयाँ सवारी दर्ता, सवारी नवीकरण, सवारी चालक अनुमतिपत्र वितरणलगायतका सेवाबाट उक्त राजस्व सङ्कलन भएको हो । यद्यपि, यो रकम अघिल्लो आर्थिक वर्ष २०८१/८२ को तुलनामा ९ करोड ५४ लाख १३ हजार ३४४ रुपैयाँले कम हो।
कार्यालयले आव २०८१/८२ मा ६६ करोड ६९ लाख ४३ हजार ९८० रुपैयाँ राजस्व सङ्कलन गरेको थियो । राजस्व घट्नुको मुख्य कारण गत भदौ २३ र २४ गते भएको 'जेनजी' आन्दोलन तथा आर्थिक वर्षको अन्तिमतिर यातायात व्यवस्था विभागले नयाँ सफ्टवेयर प्रणाली कार्यान्वयनका क्रममा भएको ढिलाइ रहेको कार्यालयले जनाएको छ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन